# नरैनापुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर ,बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र संख्या-:२०८२।०८३ | मितिः- २०८२।०४।२३

चलानी नम्बर -: 26

विषयः परिपत्र सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक तथा धार्मिक बिद्यालयहरु,
नरैनापुर गाउँपालिका बाँके ।

यस नरैनापुर गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२/०३/२७ गते को निर्णय अनुसार शिक्षा, युवा तथा खेलकुद शाखा बाट मिति २०८२/०३/३० मा शिक्षक सरुवा तथा विद्यालय/मदरसा समायोजन सम्बन्धमा सम्मानित उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासमा मिति २०८२/०४/२० गते अन्तरिम आदेश सहित उत्प्रेषण प्रतिषेध र परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भनी रिट निवेदन परी उक्त रिट नं. ०८२-WO-००२२ का सम्बन्धमा सम्मानित उच्च अदालत तुलसीपुर, नेपालगंज इजलासबाट उक्त गाउँ शिक्षा समितिको मिति २०८२/०३/२७ गतेको निर्णय तथा शिक्षा, युवा तथा खेलकुद शाखाबाट मिति २०८२/०३/३० मा जारी भएको पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु भनी मिति २०८२/०४/२१ गते अल्पकालीन अन्तरिम आदेश जारी भई यस नरैनापुर गाउँपालिकाको कार्यालय समक्ष मिति २०८२/०४/२२ मा प्राप्त भएकोले सो अन्तरिम आदेश बमोजिम रिट निवेदनको टुंगो नलागेसम्म वा अदालत बाट अन्यथा आदेश प्राप्त नभएसम्म हाललाई उक्त गाउँ शिक्षा समितिको निर्णय कार्यान्वयन नगर्न नगराउन सम्बन्धित सबैको जानकारीको लागि यो परिपत्र गरिएको छ। साथै सम्मानित उच्च अदालतको अल्पकालीन अन्तरिम आदेश यसै पत्र साथ संलग्न रहेको छ ।

.....................
(नवराज वली)
प्रमुख प्रशासकीय अधिकृत